## मिति २०८१ जेठ २१ गतेको ३१ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो । साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

३) माडी नगरपालिकाको तेर्‍हौं नगरसभा सम्वत २०८१ साल असार ९ गते आइतवारको दिन शुरु गर्ने निर्णय गरियो ।

४) श्रोत अनुमान तथा सीमा निर्धारण समितिले दिएको सिमा भित्र रहेर आगामी आ व २०८१।०८२ को लागि वडा स्तरिय योजना, नगर स्तरिय योजना, विभिन्न विषयगत योजना, प्रशासनिक तथा कार्यालय सञ्चालन खर्चका कार्यक्रम तयार गरे पश्चात विषयगत समितिमा छलफल गराइ योजना तर्जूमा समितिमा पेश गर्ने निर्णय गरियो ।

५) वडास्तरिय योजना तथा कार्यक्रम तयार गर्नको लागि नगरले तुरुन्त योजना तर्जुमा सम्वन्धी निर्देशन पठाउने र सोही निर्देशनको आधारमा वडा कार्यालयले प्राथमिकताको आधारमा योजना तथा कार्यक्रम छनोट गरि वडा समितिको निर्णय गराई २०८१।०३।०३ गते भित्रमा योजना तर्जुमा समितिमा पठाउने निर्णय गरियो ।

६) श्रोत अनुमान तथा सिमा निर्धारण समितिले दिएको वडास्तरीय बजेटको सीमा भित्र रहि वडा कार्यालयहरुलाई देहायको बजेट उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| वडा १) | ९० लाख |
| वडा २) | ८० लाख |
| वडा ३) | ८० लाख |
| वडा ४) | ७० लाख |
| वडा ५) | ७० लाख |
| वडा ६) | ८० लाख |
| वडा ७) | ८० लाख |
| वडा ८) | ७० लाख |
| वडा ९) | १ करोड २५ लाख |

तारा कुमारी काजी मगर
नगर प्रमुख

निर्णय प्रमाणित
२०८१।२।२१

७) वागमती प्रदेश सरकारवाट जारी भएको अनिवार्य तथा निशुल्क शिक्षा लागू भएको घोषणा अनुदान कार्यविधि २०८० बमोजिम यस नगरपालिका अन्तर्गतका विद्यालय सेवा क्षेत्र भित्रका विद्यालय उमेर समुहका कुनै पनि वालवालिका विद्यालय बाहिर नभएको भनी विद्यालयहरुवाट शुनिश्चितता भइ यस नगरपालिकाका सवै वडा घोषणा भइसकेको परिप्रेक्षमा उपरोक्त निर्देशिका बमोजिम यस माडी नगरपालिकालाई मिति २०८१।२।२५ गतेका दिन अनिवार्य तथा निशुल्क शिक्षा लागू भएको नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

८) उच्च अदालत पाटन हेटौंडा इजलासको नि नं ८१ उत्प्रेषण परमादेश फैसला बमोजिम यस कार्यालयमा हाल अधिकृत छैटौं (शिक्षा) सुनिता खतिवडाको मिति २०७९। ०२ ।१७ को कार्यपालिकाको बैठकवाट अधिकृतस्तर सातौं तह कायम गरि पदस्थापना गरिएकोमा पुन मिति २०७९।४।१७ को निर्णयवाट छैटौं तहमा कायम गरिएकोमा उक्त मितिको निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरिएको र माडी नगरकार्यपालिकाको मिति २०७९।२।१७ को निर्णय अनुसार निज निवेदक सुनिता खतिवडालाई पूर्ववत सातौं तहमा मिलान गरि कामकाज गर्न दिनु भनी आदेश भएको हुँदा सम्मानित अदालतको आदेश बमोजिम सातौ तहमा पूर्व निर्णयानुसार पदस्थापना गरी कामकाज लगाउने र पदोन्नती भएको मिति देखिको फरक हुन आउने सेवा सुविधा निजलाई उपलव्ध गराउने निर्णय गरियो ।

९) वडा नं ४ को मिति २०८१।२।२१ को पत्रवाट अनुरोध भइ आए अनुसार वडा स्तरीय योजना सि नं ५३८ को सोमेश्वर पैदलमार्ग निर्माण योजनाको नामलाई पछि नगरसभावाट अनुमोदन हुने गरी **सोमेश्वर मार्ग निर्माण** कायम गर्ने निर्णय गरियो ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८१।२।२१